नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार आषाढ २३ गते देशभरका विभिन्न सीमानाकाहरूबाट ३,३४० नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका साथै अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन स्थानीय प्रशासनको सक्रियतामा नियमित अनुगमन भैरहेको छ। आषाढ २३ गतेका दिन देशभर संक्रमितहरू ३,४४५ जना सामान्य बेडमा, ५५३ आइ.सि.यु. बेड र २२७ जना भेन्टिलेटरमा उपचाररत छन्। विगत २४ घण्टामा २९१ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने २८५ व्यक्तिलाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ५१,१९,९५१ थान मेडिकल उपकरणहरू, २० के.जी. कोभिड-१९ टेस्ट किट र ३५० के.जी. स्यानिटाइजर लगायतका औषधीहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार संयुक्त बजार अनुगमन टोलीबाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा तीन वटा फर्मको अनुगमन गरी एक वटा फर्मलाई रू. ३,०००।- जरिबाना गरिएको छ। देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्था रहेको छ। अत्यावश्यक दैनिक उपभोग्य वस्तुको आपूर्ति नियमित साथै मौज्दात पर्याप्त रहेको छ।

२०७८/०३/२४

किरणराज शर्मा
सहसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np